**नेपाली / *NEPALI***

**विषय: खोपको अपडेट**

*यस सन्देशमा समेटिएको छ*

- *UHS लाई तपाईंले खोप लगाउनु भएको कुरा कसरी बताउने*
- *Johnson & Johnson खोपको अपडेट*
- *खोप लगाउने समय कसरी बनाउने*

*COVID-19* बाट बच्न क्याम्पस र समुदायले खोप लगाउन महत्त्वपूर्ण प्रगति कायम राखेका छन् – अहिलेसम्म १९, ००० भन्दा बढी कर्मचारी र विद्यार्थीहरूले खोपको कम्तिमा पनि एउटा डोज पाएका छन् I जति चाँडो हामीले खोप लगाउन सक्दछौं, त्यति नै राम्ररी हामी हाम्रो समुदाय, देश र संसारभरी फैलिरहेको अझै सङ्क्रामक *COVID-19* को प्रजाति विरूद्ध बच्न सक्दछौं I

हाम्रो समुदायको कति प्रतिशत व्यक्तिहरूले खोप लगाएका छन् भनेर थाहा पाउँदा विश्वविद्यालयका अगुवाहरूलाई क्याम्पस सञ्चालनहरू र स्वास्थ्य तथा सुरक्षा नीतिहरूको बारेमा निर्णय लिन सहयोग पुग्दछ I **धेरै कर्मचारी र विद्यार्थीहरूले क्याम्पस बाहिर खोप लगाएका छन् – यदि तपाईं तिनीहरू मध्ये एक हुनुहुन्छ भने, *UHS* लाई तपाईंले खोप लगाएको कुराको जानकारी दिन निश्चित गर्नुहोस् !** यसले तपाईंलाई नियमित क्याम्पस परीक्षणबाट छूट पाउन सुनिश्चित पनि गर्दछ I

## *UHS* लाई तपाईंले खोप लगाएको कुराको जानकारी कसरी दिने

यदि तपाईंले क्याम्पसमा खोप लगाउनु भएको छ भने, तपाईंको रेकर्ड *MyUHS* मा पहिले नै रहनेछ – तपाईंले थप केही गर्नु पर्दैन I

यदि तपाईंले क्याम्पस बाहिर खोप लगाउँदै हुनुहुन्छ भने, तपाईंले एउटा डोजको खोपा वा दुईवटा डोजको खोपको दुबै डोज नपाउञ्जेलसम्म पर्खनुहोला I त्यसपछि तपाईंको खोपको रेकर्ड अपलोड गर्ने कदम चाल्नुहोला:

तपाईंको *NetID* र पासवर्ड राखेर *MyUHS* मा लग-ईन गर्नुहोस् I

“*Welcome to UW–Madison University Health Services*” शीर्षकको तल तपाईंले यी कुराहरू देख्नुहुनेछ: ***“Submit outside records of COVID-19 Vaccination HERE.” “HERE.”* मा थिच्नुहोस् I**

त्यसपछि तपाईं “*Medical Clearances*” पेजमा पुग्नुहुनेछ I “*Items required for clearance*” अन्तर्गत ***“COVID vaccine”* को शीर्षक खोज्नुहोस्** I ***“Update”* लेखेको हरियो बटनमा थिच्नुहोस् I**

“*COVID-19 Immunization Record Upload*” को मुनि तपाईंलाई **तपाईंको खोपको रेकर्ड अपलोड गर्न अनुरोध गरिनेछ I यो एक फोटोको फाईल (*PNG, JPG, JPEG*) वा *PDF* हुन सक्दछ I** अरू प्रकारको फाईलहरू अपलोड गर्न खोजेमा त्रुटि सन्देश देखिनेछ I

स्वीकारिने रेकर्डहरूमा समावेश छन्:

- तपाईंले खोप लगाउनु भएको ठाउँमा पाउनु भएको आधिकारिक *Centers for Disease Control and Prevention* को **खोप कार्ड**। यसमा दुईवटा व्यक्तिगत पहिचान गर्ने जानकारी हुन आवश्यक छ, जस्तै कि नाम र जन्म मिति; खोपको लट नम्बर; खोपको नाम (उदाहरणका लागि, *Moderna*, *Pfizer*, वा *Janssen/Johnson & Johnson*); खोपको मिति (*Moderna* र *Pfizer* को लागि दुईवटा मितिहरू हुनु पर्दछ); क्लिनिकको नाम (क्लिनिकको आधिकारिक नाम; यदि क्लिनिक फार्मेसी, कृपया पसलको नम्बर पनि राख्नुहोला)
- तपाईंको *Wisconsin Immunization Registry vaccination record*
- विस्कन्सिन बाहिरको राज्यको खोप रेकर्ड
- अमेरिका बाहिरको खोपको लागि, तपाईंको सबै भन्दा पूरा रेकर्ड। *UHS* ले *World Health Organization* को आपतकालीन प्रयोगको सूचीमा कायम खोपहरूलाई पनि मान्यता दिनेछ।

तपाईंले आफ्नो एक डोजको **खोपको मिति र खोप बनाउने कम्पनीको नाम वा तपाईंको डोजको खोप्को मितिहरू र खोप बनाउने कम्पनीको नामहरू** पनि "*Doses of COVID-19 Vaccine*" भन्ने भागमा राख्नुपर्नेछ।

**पूरा भएपछि "*Done*"** थिच्नुहोस्।

**तपाईंको *MyUHS* खातामा तपाईंको रेकर्ड देखिन पाँच व्यवासायीक दिनसम्म लाग्न सक्दछ।** रेकर्डको समीक्षा हुने क्रममा तपाईंको *Medical Clearance* जानकारीले "*awaiting review*" भनेर देखाउनेछ। एक पटक यो स्वीकृत भएपछि, त्यहाँ "*satisfied*" देखाउनेछ। तपाईंले खोपको अन्तिम डोज पाउनु भएको दुई हप्ता भएपछि र तपाईंको रेकर्ड स्वीकृत भएपछि, तपाईंको *Badger Badge* हरियो रङ्गमा बदलिनेछ।

## *Johnson & Johnson* खोपको अपडेट

मङ्गलबार, संघीय सरकार र विस्कन्सिन राज्यको मार्गनिर्देशन आधारमा राखेर, *UHS* ले *Johnson & Johnson* खोपको प्रशासन गर्न रोक्यो।

अमेरिकाका छ जना व्यक्तिले खोप लगाएपछि प्रतिकूल घटनाहरू रिपोर्ट गरेका छन् र संघीय एजेन्सीहरूले यी प्रतिक्रियाहरू खोपसँग सम्बन्धित छन् कि छैनन् जाँच्दैछन्। लगभग ७० लाख (*7 million*) व्यक्तिहरूले अमेरिकामा *Johnson & Johnson* को खोप लगाईसकेका छन्, त्यसैले यी घटनाहरू विरलै भेटिन्छन्, तर सावधानीका लागि रोक लगाईएको छ।

यस रोकले *Pfizer* र *Moderna* खोपहरूको सुरक्षा र चलिरहेको प्रशासनमा कुनै **प्रभाव पार्दैन**। हामी विद्यार्थी र कर्मचारीहरूलाई खोप लगाउन प्रोत्साहित गर्दछौं – *COVID-19* को कारणले गम्भीर बिरामी र मृत्युबाट आफूलाई, आफ्नो प्रियजनहरूलाई र आफ्नो समुदायलाई बचाउने यो उत्तम तरिका रहेको छ।

गएका तीन हप्ताहरूमा *Johnson & Johnson* को खोप पाएका कसैले यी लक्षणहरू अनुभव गरेमा आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुपर्नेछ: एकदम धेरै टाउको दुख्ने, पेट दुख्ने, खुट्टा दुख्ने, सास फेर्न गाहो हुने।

## खोप लगाउने समय कसरी बनाउने

हरेक हप्ता क्याम्पसमा प्रदान गरिएको खोपको मात्रा अझै पनि माग भन्दा धेरै कम छ। यस कारण, हामी तपाईंलाई राज्यभरीका फार्मेसीहरू र स्वास्थ्य सेवा प्रदायकहरू सहित **खोप पाउने जुनसुकै ठाउँमा खोप लगाउन प्रोत्साहन गर्दछौं।**

- ***Wisconsin Department of Health Services registry*** **मा साइन अप गर्नुहोस्।** एकपटक तपाईंले दर्ता गर्नुभएपछि, *DHS* ले तपाईंलाई क्याम्पस बाहिर खोप लगाउने समय बनाउने विकल्पहरूको साथ ईमेल पठाउनेछ। उनीहरूले क्याम्पसमा खोप लगाउने समयको विकल्पहरूको बारेमा ईमेल पठाउने छैनन्।

- *Centers for Disease Control and Prevention* ले खोप खोज्ने उपकरण प्रदान गर्दछ: https://vaccinefinder.org/

- *UHS* ले पनि *COVID-19* को खोप लगाउने समयहरू प्रदान गर्दैछ, तर हामीले राज्यबाट खोपहरूको सीमित आपूर्ति पाईरहेका छौं र हामीले चाहेको जति खोप लगाउने समय प्रदान गर्न सक्दैनौं। ***UHS*** **ले तपाईंलाई ईमेल गर्दैन खोप लगाउने समय उपलब्ध हुँदा** ***UHS*** **ले तपाईंलाई ईमेल पठाउने छैन - खोप लगाउने समय बनाउन तपाईंले** ***MyUHS portal*** **मा हेर्नु पर्नेछ।** जहिले सम्भव, तपाईंले कुन खोप लगाउन चाहनु हुन्छ रोज्न सक्नु हुँदछ (तपाईंले खोजेको समयमा उपलब्ध हुने आधारमा)।

- यदि तपाईंले पहिलो पटक हेर्दा *UHS* मा कुनै खोप लगाउने समय उपलब्ध छैनन् भने, **कृपया हेर्न जारी राख्नुहोला; खोप उपलब्ध हुने बित्तिकै खोप लगाउने समय थपिन्छन्।** नयाँ खोप लगाउने समयहरू प्राय: हप्ताको बीचमा उपलब्ध हुँदछन्। कहिलेकाँही *MyUHS portal* क्याम्पस बाहिरका खोप लगाउने समयको जानकारी पनि हुँदछन्।

## सहयोग कसरी पाउने

- यदि तपाईंसँग धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका प्रश्नहरू छन् भने covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।

- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।